**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 25.02.2025**

---

***MOS Sikkim Visit***

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण अनि रसायन एवं उर्वरक राज्य मन्त्री अनुप्रिया पटेल सिक्किमको दुई दिवसीय भ्रमणमा गान्तोक आउनुभएको छ।

उहाँले भोलि पाकिम जिल्लामा क्षेत्र भ्रमण गरेर केन्द्र सरकारका योजना तथा कार्यक्रमहरूका प्रगतिको समीक्षा गर्नुहुनेछ।

---

***CM Janta Bhet Programme***

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको रिनाक निर्वाचन क्षेत्रका जनतासितको तीन दिवसीय भेटघाट कार्यक्रम आज अन्तिम दिन हो।

मामरिङ गौशालामा आज जनतालाई सम्वोधन गर्दै श्री तामाङले आर्थिक रूपले कम्जोर विद्यार्थीहरूको सपनालाई साकार बनाउनु पर्ने आवश्यक्तामाथि जोड़ दिनुभयो।

उहाँले भन्नुभयो उपचारका लागि बाहिर पठाइने रोगीहरूका सहायथार्थ लागि सिलिगुड़ीमा दुई वर्षभित्रमा सुस्वास्थ्य भ्रमण निर्माण गरिनेछ।

श्री तामाङले रोगी ब्यक्तिहरूलाई चिकित्सा सहायता लाभ प्राप्त गर्नमा सहयोगका निम्ति समन्वयकहरू नियुक्त गरिएको जानकारी दिनुभयो।

जनता भेटघाट कार्यक्रममा मुख्यमन्त्रीले धेरैजना वरिस्ठ नागरिकहरू, रोगी ब्यक्तिहरू र विद्यार्थीहरूलाई वित्रीय सहायता प्रदान गर्नुभयो। आज तीनवटा ग्राम पञ्चायत इकाई अम्बा, ताजा र डिकलिङ पाचेखानीका जम्मा चौधवटा वार्डका जनताले श्री तामाङसित भेट गरे।

जनताका लागि शुरू गरुएका कार्यक्रमहरूबारे अवगत गराउँदै उहाँले भन्नुभयो मानिसहरूका समस्याहरूको समाधान गर्न सरकार प्रतिवध्द छ।

कार्यक्रममा रोजगार खोज्ने मानिसहरू, उद्यमीहरू धार्मिक संस्थान र सोसाइटीहरूका मांग पूरा गर्ने आश्वासन दिइएको छ।

जनता भेट कार्यक्रम अहिले पनि चलिरहेछ।

---

***Governor***

आसाम लिङ्जेको समेकित क्षेत्रीय दिब्याङ्गजन कौशल विकास, पुनर्वास तथा सशक्तिकरण केनद्रकी निदेशक पुस्पाञ्जली गुप्ताले आज राजभवनमा राज्यपाल ओमप्रकाश माथुरसित भेट गर्नुभयो।

भेटघाटका बेला केन्द्रीय निदेशकले राज्यपाललाई केन्द्रका गतिविधिहरू र दिब्याङ्जनलाई सशक्त बनाउने दिशातर्फ गरिएका प्रयासहरूबारे जानकारी दिनुभयो।

श्री माथुरले समेकित दिब्याङ्गजन कौशल विकास, पुनर्वास तथा सशक्तिकरण केन्द्रलाई आफ्ना गतिविधिहरू जारी राख्न प्रोत्साहित गर्नुभयो। वर्तमानमा सामाजिक न्याय तथा सशक्तिकरण मन्त्रालय अधिन कार्यरत यस केन्द्रले दुई हजार बीस सालमा स्थापना भएदेखि यता स्वास्थ्य शिक्षा र कौशल विकासको क्षेत्रमा दिब्याङ्गजनलाई सेवा प्रदान गरिरहेछ।

---

***Governor NABARD GM***

रास्ट्रिय कृषि तथा ग्रामीण विकास ब्याङ्क नबार्डका महाप्रवन्धन अजय कुमार सिन्हाले पनि आज राज्यपालसित शिस्टाचार भेट गर्नुभयो।

श्री सिन्हाले राज्यपाललाई नवार्डका क्रियाकलापहरूबारे जानकारी दिनुभयो।

राज्यपालले आफ्नो प्रतिक्रिया जैविक उत्पादहरूको विपणन, स्वयं सहायता समूहहरू विशेष गरू महिलाहरूको उत्थान र 2023 सालमा आएक बाढ़ीमा नष्ट भएका अंगोरा खरायो फार्महरूको पुनर्स्थापनामाथि जोड़ दिनुभयो।

श्री सिन्हासित उप महाप्रवन्धक अनिल कुमार यादव र अन्य अधिकारीहरू पनि गएका थिए।

---

***Finance Literacy Week***

भारती रिजर्व ब्याङ्क RBI ले  प्रत्येक वर्षझै यसपालि पनि हिजो चौबिस फरवरीदेखि यो वर्ष यसको विषय छ वित्रीय समझदारी समृध्द नारी।

यता राज्यमा पनि वित्रीय साक्षरता सप्ताह पालन गरिँदैछ।

सोरेङका जिल्लीधीश धीरज सुवेदीले आज जिल्ला प्रशासनिक केनद्र सोरेङबाट जिल्ला स्तरीय वित्रीय साक्षरता सप्ताह सचल वाहनलाई झण्डी हल्लाएर प्रस्थान गराउनुभयो।

आफ्नो वक्तव्यमा उहाँले भन्नुभयो वित्तीय समावेशन र आर्थिक विकासका लागि RBI को यस्तो महत्वपूर्ण पाइलाले जिल्लाको विकास र प्रगतिमा टेवा पुग्न जानेछ।

गोजिङमा पनि आज यस सम्वन्धमा जिल्ला स्तरीय कार्यक्रम आयोजित भयो।

जिल्लाधीश तेञ्जिङ डी डेञ्जोङपावे कार्यक्रमको औपचारिक शुभारम्भ गर्दै महिलाहरूमा वित्रीय प्रवन्धन र बचतको बानी गराउनका लागि उनीहरूमा जागरूकता ल्याउन आवश्यक रहेको कुरो बताउनुभयो।

आफ्नो वक्तव्यमा RBI का प्रवन्धक राहुल बर्माले भन्नुभयो स्थानीय मानिसहरूलाई डिजिटल ब्याङ्किङ सुविधाबारे सचेत गराउनु समयको पुकार हो।

वित्रीय साक्षरता सप्ताह अठाइस फरवरीमा समाप्त हुनेछ।

---

***Bailey Bridge Constructed***

सीमा सड़क संगठन बीआरओ उत्तर सिक्किममा सम्पर्क व्यवस्था पुन: शुरू गर्न सफल भएको छ।

केही दिनअघि डिक्चु साङ्कलङ शिपगेर सड़कको पुरानो फिचु पुल भत्किएपछि सम्पर्क व्यवस्था अवरोध भएको थियो।

चौबिसै घण्टाको कार्यसँगै लगातार प्रयासपछि फीचुमा साठी फुटको झोलुङ्गे पुल निर्माण गरिएको छ।

---

***Pakyong Hailstorm***

पाकिम र वरपर क्षेत्रमा हिजो साँझ परेको असिना पानीले पूल र अन्नबालीलाई क्षति पुऱ्याएको छ।

खुबै प्रभान्वित क्षेत्रहरू हुन पाकिम बजार कार्थोक नबगाउँ डिक्लिङ, पाचे, पाचेखानी र मामरिङ।

असिना पानीको कारणले नवगाउँमा ससाना वाहनहरू केही समयसम्म ओहोरदोहोर गरेनन्।

---